



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २७ ❑ अङ्क १०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २० गते आइतबार ❑ 3 May. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## भारतबाट सामान ल्याउँदा भन्सार तिर्नुपर्ने निर्णयपछि नेपाली बजार चलायमान बन्दै

**रासस**
काठमाडौं, १९ बैशाख

भारतीय बजारबाट रु एक सयभन्दा बढी मूल्यका सामग्री खरिद गरी ल्याउँदा भन्सार महसुल लाग्ने सङ्घीय सरकारको निर्णय कार्यान्वयनमा आएपछि विराटनगरको भारतीय सीमावर्ती क्षेत्रको जोगवनी बजार सुनसान बन्दै गएको छ भने नेपाली बजारमा उपभोक्ताको चलहपहल बढ्न थालेको छ ।

यसअघि नेपाली उपभोक्तले जोगवानी गएर दैनिक खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडालगायत सामग्री खरिद गरी ल्याउने गरेकामा सरकारको निर्णय कार्यान्वयनमा आएपछि नेपाली बजार चलायमान बन्दै गएको हो । विराटनगर महानगरपालिका-९ मा शुभम इम्पोरियम सञ्चालन गर्दै आउनुभएका अशोक साहले पछिल्लो समय पसलमा स्थानीय ग्राहकको आगमन केही मात्रामा वृद्धि भएको बताउनुभयो । उहाँले स्थानीय व्यापारी, उद्यामी तथा स्थानीय उत्पदानको प्रवर्द्धन गर्न सरकारको यो निर्णय प्रशंसायोग्य रहेको भन्दै यसलाई निरन्तर दिनुपर्नेमा जोड दिनुभयो ।

सरकारले रु १०० को सामान ल्याउँदा भन्सार शुल्क तिनुपर्ने नियम कार्यान्वयनमा आउनु र भन्सार कार्यालयले यसलाई कडाइ गर्दा जोगवनी बजारबाट चामल, लत्ताकपडा, भाँडाकुँडालगायत सामग्री खरिद गरी ल्याउने नेपाली उपभोक्ताको सङ्ख्यामा कमी आएको साहले बताउनुभयो । उहाँका अनुसार उक्त निर्णय कार्यान्वयनमा आएसँगै नेपाली बजारमा चहलपहल बढ्नुका साथै आर्थिक गतिविधि चलायमान बन्दै गएको छ । अहिले विराटनगर बजारसहित महेन्द्र चोक, विराटनगर बसपार्क, शनि मन्दिरलगायत क्षेत्रका व्यापारिक केन्द्रमा उपभोक्ताको चलहपहल उल्लेख्य बढेको व्यवसायी साहले बताउनुभयो ।

विगतमा साइकलमा चार-पाँच वटासम्म झोलामा खाद्यान्नसहित सामान तस्करी गर्नेहरू समेत नियन्त्रणमा आएका उहाँको भनाइ छ । भारतीय बजारबाट रु १०० भन्दा बढी मूल्यका सामग्री खरिद गरी ल्याउँदा भन्सार महसुल तिनुपर्ने सङ्घीय सरकारको निर्णय कार्यान्वयनमा आएपछि जोगवनीमा नेपाली उपभोक्ताको सङ्ख्यामा कमी देखिन थालेको उहाँले उल्लेख गर्नुभयो । "विगतमा भारतीय बजारमा नेपाली उपभोक्ताा घुइँचो लाग्थ्यो भने नेपाली बजार सुनसान हुन्थ्ये । अहिले अवस्था परिवर्तन हुँदै गएको छ । यसले नेपाली उत्पादनले बजार पाउनुका साथै आर्थिक गतिविधि थप चलायमा बन्दै गएका छन्", उहाँले भन्नुभयो । जोगवनीमा खाद्यान्न, मोबाइल, इलेक्ट्रोनिक, कपडा तथा रङ पसललगायत प्रायः सबै सामग्री पाउने पसल सुनसान बन्दै गएका छन् भने सडकमा राखेर बिक्री गरिने जुत्ताचम्पल, फलफूल, जुस, केटाकेटीका कपडालगायत पसलमा नेपालीको उपस्थिति कम देखिन थालेको स्थानीय व्यापारी बताउँछन् । जोगवनीमा मोरङको पूर्वी राजमार्ग क्षेत्र, सुनसरीको उत्तरी क्षेत्र, धनकुटा, उदयपुरलगायत जिल्लाका विभिन्न स्थानका साथै काठमाडौँका उपभोक्तासमेत आउने गर्दथे ।

विराटनगर भन्सार कार्यालय यात्रु शाखाका नायब सुब्बा हरिहर काफ्लेले रु १०० का सामानमा भन्सार लाग्ने नियम कडाइका साथ लागू भएसँगै उपभोक्ता भारतीय बजारतर्फ खरिद गर्न जाने क्रम घटेको बताउनुभयो । उहाँले पछिल्लो समय दैनिक १२ देखि १५ जनाले भन्सार महसुल बुझाउन थालेका जानकारी दिनुभयो ।

## मानव सेवा आश्रममा ज्ञान-विज्ञान महायज्ञ सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

मानव सेवा आश्रमको आयोजनामा शनिबारदेखि पोखरा २५ हेमजास्थित आश्रम परिसरमा श्रीमद्भागवत सप्ताह ज्ञान-विज्ञान महायज्ञ सुरु भएको छ ।

पितृ मोक्ष तथा शान्तिको कामना सहित करिब ४ करोड आर्थिक संकलन गर्ने उद्देश्यसहित उक्त महायज्ञ आयोजना गरिएको महायज्ञका संयोजक अनिलकुमार शाहीले बताउनु भयो ।



यही वैशाख २६ गतेसम्म सञ्चालन हुने महायज्ञको एक समारोहका बिच पोखराका मेयर धनराज आचार्य र गलेश्वर धामका पिठाधीश स्वामी आत्मानन्द गिरिजी महाराजले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो । कार्यक्रममा बोल्दै मेयर आचार्यले महानगरले यस अघि एउटा फ्लाइटको लगानी करिब एक करोड गरेको बताउदै थप बजेटको लागि पुनः सहयोग गर्ने वचन दिनुभयो । उद्घाटनपूर्व विभिन्न संघसंस्था तथा धार्मिक समूहको सहभागितामा हेमजा क्षेत्रमा शोभा कलश यात्रा, सांस्कृतिक झाँकी तथा भजन-कीर्तन प्रस्तुत गरिएको थियो ।

महायज्ञ अवधिभर युवा पण्डित कमलनयन गौतमले दैनिक कथा वाचन गर्नुहुनेछ। बिहान ५:३० देखि ७:३० बजेसम्म निःशुल्क योग शिविर, पूजा-पाठ पारायण, विद्यार्थी लक्षित उत्प्रेरणात्मक कार्यक्रम, दिउँसो कथा प्रवचन, साँझ आरती, प्रसाद वितरण तथा भजन कार्यक्रम सञ्चालन गरिने आयोजकले जनाएको छ । साथै, प्रत्येक दिन निःशुल्क स्वास्थ्य शिविर समेत सञ्चालन हुनेछ । आश्रमका अनुसार महायज्ञमार्फत करिब ४ करोड रुपैयाँ आर्थिक संकलन गर्ने लक्ष्य राखिएको छ । संकलित रकम पोखरा शाखाको निर्माणाधीन भवन सम्पन्न गर्न, लक्ष्मीनारायण मन्दिर तथा मुक्तिनाथ धर्मशाला निर्माण र अक्षयकोष वृद्धि गर्न खर्च गरिने आश्रमका अध्यक्ष रामजी अधिकारीले बताउनु भयो । करिब १२ करोड लागत अनुमान गरिएको भवन निर्माण हालसम्म ६० प्रतिशत सम्पन्न भइसकेको उहाँले उल्लेख गर्नु भयो । विगत १३ वर्षदेखि आश्रमले बेसहारा, अशक्त, अभिभावकविहीन बालबालिका तथा सडकआश्रित मानवहरूको उद्धार, उपचार, संरक्षण र पुनःस्थापनामा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । हाल देशका २३ जिल्लामा ३४ सेवा केन्द्रमार्फत करिब २ हजार २ सय जनालाई सेवा प्रदान गरिँदै आएको छ भने पोखराका दुई केन्द्रमा मात्र करिब ३ सय आश्रित रहेका छन् । महायज्ञ केवल आर्थिक संकलनमा सीमित नभई धार्मिक तथा आध्यात्मिक चेतना अभिवृद्धि गर्दै समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजना गरिएको आयोजकको भनाइ छ ।

## राष्ट्रपतिद्वारा तीन अध्यादेश जारी

**रासस**
काठमाडौं, १९ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा तीन वटा अध्यादेश जारी गर्नुभएको छ ।

राष्ट्रपति कार्यालयका अनुसार उहाँले स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ शनिबार जारी गर्नुभएको हो । राष्ट्रपति कार्यालयबाट पछिल्ला तीन दिनमा ६ वटा अध्यादेश जारी भएका छन् । राष्ट्रपति कार्यालयबाट १७ वैशाख (बिहीबार) सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी भएको थियो । त्यस्तै, १८ वैशाख (शुक्रबार) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३ जारी भएको थियो ।

## पर्वतको फलेवासमा आमाबा स्वास्थ्य कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, १९ बैशाख

पर्वतको फलेवास नगरपालिकामा आमाबा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको छ । ग्रामीण क्षेत्रमा रहेका ज्येष्ठ नागरिक, वृद्धवृद्धाहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने र उनीहरूलाई विभिन्न रोगव्याधिको सङ्क्रमणबाट मुक्त राख्नका लागि आमाबा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको हो ।

वृद्धवृद्धाहरूको रक्तचाप, मधुमेह, मुटु, मिर्गौला रोगको परीक्षण, रगत, दिशा, पिसाब, खकारलगायतको जाँच, पोषण अवस्थाको लेखाजोखालगायत अन्य रोगको उपचार तथा सल्लाह दिनुका साथै गम्भीर स्वास्थ्य अवस्था देखिएकालाई उपचारका लागि अस्पताल रिफरसमेत गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो ।

गत शुक्रबारदेखि वडा नं ४ मुडिकुवाबाट सुरुआत भएको यो कार्यक्रम ११ वटै वडामा सञ्चालन हुने भएको छ । जसमा चिकित्सकसहित स्वास्थ्यकर्मीहरू नगरका सबै घरधुरीमा पुग्ने भएका छन् । वृद्धवृद्धाहरूको नियमित स्वास्थ्य परीक्षण, दीर्घकालीन रोगीहरूले सेवन गर्दै आएको औषधिको मात्रा, उपभोग्य मिति, उपभोग गर्ने समयलगायतका बारेमा समेत जानकारी गराइने फलेवास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रुद्र सापकोटाले जानकारी दिनुभयो । पछिल्लो समय गाउँमा युवा पुस्ता शून्य प्रायः छन् । गाउँमा वृद्धवृद्धामात्र रहेको अवस्थामा उनीहरू सामान्यदेखि जटिल रोग लागेमा पनि अस्पतालसम्म पुगेर उपचार सेवा लिन सक्दैनन् । जसका कारण लामो समयदेखि विभिन्न रोगले सङ्क्रमित भएर बसिरहनुपर्ने अवस्थाको अन्त्यका लागि चालु आर्थिक वर्षदेखि आमाबा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको सापकोटाले बताउनुभयो ।

मुडीकुँवाबाट सुरु भएको अभियान थापाठाना, शङ्करपोखरी, कार्कीनेटा, खानीगाउँ, देवीस्थान, लिमिठाना, ठानामौला, भँगरा, कुर्घा र पाङराङमा पुगेर टुङ्गिने भएको छ । हरेक छ/छ महिनामा नियमित स्वास्थ्य परीक्षणका लागि यो अभियान थालिएको नगरप्रमुख गङ्गाधर तिवारीले जानकारी दिनुभयो । गत वर्ष पनि झण्डै १० हजार नागरिकको स्वास्थ्य परीक्षण गरिएकोमा यस वर्ष त्योभन्दा बढीलाई सेवा दिन लक्ष्य राखिएको छ । ज्येष्ठ नागरिकसँगै ३० वर्षभन्दा माथिका सबै नागरिकको स्वास्थ्य परीक्षण गरिनेछ । उपचारका क्रममा निःशुल्क औषधि वितरण गरिनुका साथै जटिल रोग लागेका बिरामीलाई नगरपालिकाकै एम्बुलेन्समार्फत अस्पतालसम्म पुऱ्याउने व्यवस्थासमेत गरिने नगप्रमुख तिवारीले बताउनुभयो । आर्थिक अभावका साथै अस्पताल सम्म लैजान आफन्तजनको अभावमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका वा अन्य असहाय नागरिकले अकालमा ज्यान गुमाउन नपरोस् भन्ने नगरपालिकाको मुख्य उद्देश्य रहेको नगरप्रमुख तिवारीको भनाइ रहेको छ । नगरपालिका भए पनि अधिकांश ग्रामीण बस्ती रहेको फलेवासमा गुणस्तरीय स्वास्थ्य सेवाको अभाव रहेको छ । नगरका अधिकांश वडामा रहेका स्वास्थ्यचौकीमा अहेबको भरमा सञ्चालित छन् । सरकारले निःशुल्क ९८ प्रकारका औषधि वितरण गर्ने भनिए पनि मुस्किलले ४० प्रकारका औषधि मात्र स्वास्थ्य संस्थाहरूमार्फत वितरण हुने गरेको स्वास्थ्यकर्मीहरूले बताएका छन् । वडाबाट प्रभावकारी स्वास्थ्य सेवा प्रवाह नभइरहेको बेला चिकित्सकसहितको टोली घरघर र टोलटोलमा पुगेर ज्येष्ठ नागरिकसहित ३० वर्षमाथिका सबैको स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमले नगरवासीहरूलाई स्वस्थ्य राख्न मद्दत पुग्ने वडा नं ८ ठानामौलाका वडाध्यक्ष मनबहादुर कुँवरले बताउनुभयो ।


**स्वच्छ शहर: स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौः सुन्दर बनाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड



# पोखरा महिला गोल्डकप : संकटालाई हराउँदै आर्मी फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख



त्रिभुवन आर्मी क्लब पोखरामा जारी महिला गोल्डकप फुटवल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

आर.एस. पोखरा फुटबल क्लबको आयोजनामा जारी गोल्डकपअन्तरगत शनिबार संकटा क्लबलाई ४-२ गोलअन्तरले हराउँदै आर्मी फाइनलमा पुगेको हो। पोखरा रंगशालास्थित फुटबल मैदानमा पहिलो हाफमा १-० को अग्रता कायम गरेको आर्मीले दोस्रो हाफमा थप ३ गोल गऱ्यो।

आर्मीको जितमा चन्द्रा भण्डारीले दुई तथा दिपा शाही र हिमा चौधरीले एक-एक गोल गरिन्। संकटाको तर्फबाट भने दुई विदेशी खेलाडी क्वीनबेल ए अमनाराह र लिसिया एल जे मोकाम्बिकले गोल गोल गरिन्। अत्यन्त प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो हाफको निर्धारित समय सकिएपछि थप गरिएको एक मिनेटमा आर्मीका लागि दिपाले अग्रता दिलाइन्। तुलसा बोहोराको पासमा उनले सहज गोल गरिन्। दोस्रो हाफको सुरुवातमै आर्मीले अग्रता दोब्बर पाऱ्यो। ४७ औं मिनेटमा संकटाकी गोलरक्षक सुशिला चौधरीले डिफेन्स लाइनबाट आएको बललाई लङसट खेल्न खोज्दा आर्मीकी चन्द्राले गोल गरिन्। उनले ५५ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै टोलीको अग्रता तेब्बर पारिन्।

३-० ले पछि परेको संकटाका लागि ७० औं मिनेटमा क्वीनवेल अमक्राहले उत्कृष्ट गोल गर्दै खेलमा फर्काउने प्रयास गरिन्। लगत्तै ७२ औं मिनेटमा संकटाले फ्रिकीकमार्फत गोल गर्दै खेल ३-२ को स्थितिमा पुऱ्याएको थियो। लिसिया मोकाम्बिकले प्रहार गरेको फ्रिकीकमा आर्मीकी गोलरक्षक कोपिला खड्काले समात्ने प्रयास गर्दा बलले जाली चुमेको थियो। निर्धारित ९० मिनेट सकिएपछि थप गरिएको ८ मिनेटमा आर्मीकी हिमा चौधरीले गोल गरिन्। जित संगै आर्मीले फाइनलमा नेपाल पुलिसको सामना गर्नेछ। नेपाल पुलिस क्लबले यस अघि आयोजक आर.एस. पोखरा फुटबल क्लबलाई ८-० गोलले हराउँदै फाइनलमा प्रवेश गरेको थियो। प्रतियोगिताको फाइनल खेल भोलि २ बजे हुनेछ।

प्रतियोगिताको विजेताले नगद पाँच लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले तीन लाख रुपैयाँ प्राप्त गर्ने भएको आयोजक आर एस पोखरा फुटबल क्लबले जनाएको छ। गण्डकी प्रदेशकै इतिहासमा पहिलो पटक पोखरामा महिला गोल्डकपको आयोजना गरिएको आयोजकको दाबी छ। प्रतियोगितामा कुल चार टिमको सहभागिता रहेको थियो।

# तेक्वान्दो कोच तथा खेलाडीका लागि विशेष तालिम

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख




नेपाल तेक्वान्दो संघको आयोजनामा गण्डकी प्रदेशका कोच तथा खेलाडीहरुका विशेष तालिम सम्पन्न भएको छ।

नेपाल तेक्वान्दो संघको वार्षिक कार्यक्रम अनुसार गण्डकी प्रदेशको पोखरामा गण्डकी प्रदेशका कोच तथा खेलाडीको ग्योरोगी र पुम्से समिनार तथा रिफ्रेसर तालिम सम्पन्न भएको हो। वैशाख १५ देखि १९ गते सम्म पोखरा रंगशाला स्थित कभर्ड हलमा उक्त तालिम सम्पन्न भएको उक्त तालिममा पुम्सेतर्फ चौथो रेफ्री सेमिनार तथा तेस्रो रेफी रिफ्रेसर, ग्योरोगी तर्फ १२ औं रेफ्री सेमिनार र ११ औं रिफ्रेसर कोर्ष सम्पन्न भएको हो। तालिमको समापन गर्दै गण्डकी प्रदेशका सामाजिक बिकास तथा खेलकुद मन्त्री रेखा गुरुङले खेलकुद क्षेत्रमा मन्त्रालयले साथ र सहयोग गर्ने वताइन। खेल खेलाउने कोचहरुका लागि आयोजित उक्त तालिमले आगामी दिनमा तेक्वान्दो खेललाई अफ परिस्कृत बनाउने लैजाने उनको भनाइ रहेको थियो। कार्यक्रमले समग्र गण्डकी प्रदेश तथा नेपालको खेलको बिकासका लागि सहयोग पुग्ने नेपाल तेक्वान्दो संघका निवर्तमान उपाध्यक्ष सल्लाहकार हरिश्वर पोखेलले बताए।

तालिममा अन्तराष्ट्रिय निर्णायक कुमार लामा घिसिङ, अन्तराष्ट्रिय निर्णायक रेखमाया गुरुङ र राष्ट्रिय निर्णायक बलराम लामाले प्रशिक्षण गराएका थिए। तालिममा गण्डकी प्रदेशका ५९ जना कोच तथा खेलाडीहरुको सहभागीता रहेको थियो।

# दश बुँदे घोषणापत्र जारी गर्दै 'बन्दीपुर गाउँ पर्यटन मार्ट २०८३' सम्पन्न

पोखरापत्र संवाददाता
तनहुँ, १९ बैशाख




पर्यटकीय गन्तव्य तनहुँको बन्दीपुरमा सञ्चालित 'गाउँ पर्यटन मार्ट २०८३' सम्पन्न भएको छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको आयोजना एवम् गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशको सह-आयोजनामा शुक्रबारदेखि मार्ट सुरु भएको थियो।

'समृद्ध गाउँ, सशक्त पर्यटन' को लक्ष्य हासिल गर्ने प्रतिबद्धतासहित १० बुँदे घोषणापत्र जारी गर्दै कार्यक्रम सम्पन्न भएको पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले जानकारी दिनुभयो। घोषणापत्रमा गाउँ पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको उहाँले बताउनुभयो।

आगामी वर्ष पाँचौं गाउँ पर्यटन मार्ट गोरखा नगरपालिकामा आयोजना गर्ने घोषणा गर्दै यस कार्यले ऐतिहासिक तथा सांस्कृतिक पर्यटनलाई थप उजागर गर्ने अपेक्षा गरिएको छ। मार्टले देशभर सरोकार भएकाहरूबीच सशक्त नेटवर्किङ र सहकार्यको आधार निर्माण भएको र यसले गाउँ पर्यटनको दिगो विकासमा नयाँ ऊर्जा थपेको उल्लेख गरिएको घोषणापत्रमा उल्लेख छ। यस्तै, मार्टमा गण्डकी प्रदेशका ३० वटा होमस्टेहरूले आफ्नो विशेषता, संस्कृति र आतिथ्य प्रदर्शन गरी स्थानीय पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको र यसबाट होमस्टेहरूको पहिचान अझ सुदृढ भएको जनाइएको छ। प्रत्येक होमस्टेमा स्थानीय उत्पादन, हस्तकला र परिकार हरूको प्रवर्द्धनका लागि स्थानीय तहसँग सहकार्य गरेर 'कोसेली घर' स्थापना गर्ने पहल गर्ने उल्लेख छ। यसैगरी प्रत्येक वर्ष आयोजना हुने मार्टमा 'बेस्ट होमस्टे अफ द इयर' पुरस्कारको गरिने र यसबाट गुणस्तरीय सेवा र प्रतिस्पर्धात्मक विकासलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ। "होमस्टेहरूमा स्वच्छता, आतिथ्य र सेवा गुणस्तर सुधार गर्न आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ। स्थानीय उत्पादन, कृषि र हस्तकलालाई पर्यटनसँग जोड्दै आयआर्जनका नयाँ अवसरहरू सिर्जना गर्ने रणनीति अपनाइने छ", घोषणापत्रमा भनिएको छ। गाउँ पर्यटनमा युवाहरूको सहभागिता बढाउन रोजगारी तथा उद्यमशीलताका अवसरहरू सिर्जना गरिने प्रतिबद्धता व्यक्त गर्दै गाउँ पर्यटन गन्तव्यहरूबीच आन्तरिक पर्यटन प्रवर्द्धन र सहकार्य विस्तार गर्दै संयुक्त 'प्याकेज' तथा कार्यक्रमहरू विकास गरिने घोषणापत्रमा उल्लेख छ।

# पोखरा स्पोर्टस् अवार्डलाई पर्यटन क्षेत्रको साथ

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख



आगामी बैशाख ३१ गते पोखरामा आयोजना हुने १० औं रारा पोखरा स्पोर्टस् अवार्ड भब्य र सभ्य बनाउनका लागि पोखराका पर्यटन व्यवसायीहरुले साथ दिने प्रतिवद्धता जनाएका छन। आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी ले पोखराका विभिन्न पर्यटनसम्बन्धी संघ-संस्थासँग गरेको छलफलमा यस्तो सहमति बनेको हो। पोखरा स्पोर्टस अवार्ड संगै अयोजना गरिने स्पोर्टस् कनक्लेभ तथा विभिन्न ९ विद्यामा प्रदान गरिने अवार्डलाई प्रभावकारी बनाउन पर्यटन क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेकोमा जोड दिइएको थियो।

सो अवसरमा वोल्दै पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले प्रदेशस्तरमै उत्कृष्ट कार्यक्रमका रूपमा स्थापित पोखरा स्पोर्टस् अवार्डले खेल क्षेत्र संगै पोखराको पर्यटनमा समेत ठूलो टेवा पुगेको बताए। पर्यटन परिषदले "टुगेदर फर टुरिजम" भन्ने नारालाई सार्थक बनाउन पोखरा स्पोर्टस् अवार्डमा सहकार्य गर्दै अघि बढ्ने उनले उल्लेख गरे। पर्यटन परिषदका पूर्व अध्यक्ष तथा पोखरा भ्रमण वर्षका संयोजक गोपी भट्टराईले खेल पत्रकारहरुले राज्यले गर्नुपर्ने काम गरेको बताउदै राज्यले समेत खेलाडी र खेल क्षेत्रलाई सम्मान गर्न नसकिरहेको सन्दर्भमा गण्डकी प्रदेशमा रहेका उत्कृष्ट खेलाडीहरुलाई सम्मान गर्ने गरी आयोजित पोखरा स्पोर्टस अवार्ड प्रदेश स्तरमै उत्कृष्ट कार्य भएको बताए। पर्यटन परिषदका पूर्व अध्यक्ष टीकाराम सापकोटा ले यस्ता कार्यक्रमले आर्थिक गतिविधि चलायमान बनाउने र पर्यटन भित्र्याउन सहयोग पुग्ने बताए। सबै संघ-संस्थाबीचको सहकार्यबाट मात्र कार्यक्रम सफल हुने बताउदै भट्टराईले पोखरामा रंगशालामा पूर्वाधार बने पनि कार्यक्रम सञ्चालन नहुँदा लगानी खेर जाने भएकाले राज्यलाई सचेत गराउने खालका गतिविधिमा समेत पत्रकारहरुले कार्यक्रमहरुको आयोजना गर्नुपर्नेमा जोड दिए।

नेपाल हवाइ खेलकुद संघ नाका पूर्व अध्यक्ष तथा पाटा नेपालका कार्यकारी सदस्य सुनिल भट्टराईले पोखरा स्पोर्टस अवार्डमा पर्यटन क्षेत्रलाई समेटेर लैजाने प्रयासप्रति आभार प्रकट ब्यक्त गर्दै सहकार्य गरेर अगाडी बढ्ने बताए। नाटाका प्रथम उपाध्यक्ष संगीता पौडेलले पर्यटन प्रवर्द्धनमा व्यवसायीलाई जोड्ने पहल सकारात्मक रहेको उल्लेख गर्दै आफ्नो संस्थाबाट पूर्ण साथ रहने बताए।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष कृष्ण आचार्य ले साहसिक पर्यटन र खेलकुदलाई जोड्न सके कार्यक्रम अझ उत्कृष्ट बन्ने धारणा राख्दै आर्थिक, नैतिक र भौतिक सहयोग गर्ने प्रतिबद्धता जनाए। होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले पर्यटकीय राजधानी पोखरामा प्रदेश स्तरमा आयोजना हुने खेलकुदको कार्यक्रमले पोखरामा पर्यटन भित्र्याउन सहयोग पुग्ने बताउदै आफ्नो संस्थाको तर्फबाट साथ र सहयोग रहने बताए। पर्यटन व्यवसायी महिला संघ नेपाल टेवानका अध्यक्ष शोभा न्यौपाने पाण्डेले खेल क्षेत्रमा कलम चलाउने पत्रकारहरुले खेलाडीहरुको सम्मानका लागि आयोजना गर्ने कार्यक्रममा सहकार्य गर्न पाउदा खुसी लागेको बताउदै आफ्नो संस्थाबाट सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे। महिला पर्यटन व्यवसायी मञ्च ओटेफका अध्यक्ष ममता न्यौपानेले गण्डकी प्रदेशका खेलाडीहरुको योगदानको कदर गर्दै अवार्ड प्रदान गरिने कार्यक्रम आफैमा उत्कृष्ट कार्य भएकाले सहकार्य गर्न पाउदा हर्सित भएको बताइन। पत्रकारहरुको संस्थाले आयोजना गरेको कार्यक्रममा पर्यटन क्षेत्रको साथ र सहयोगले आफुहरुमा थप हौसला बढेको पोखरा स्पोर्टस अवार्ड कार्यक्रमका आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगरले बताए। पोखरा स्पोर्टस् अवार्डलाई खेलकुद र पर्यटनको साझा प्लेटफर्मका रूपमा विकास गर्दै अन्तर्राष्ट्रिय स्तरसम्म प्रवर्द्धन गर्ने लक्ष्यसहित कार्यक्रमको तयारीलाई तीब्र पारिएको उनको भनाइ रहेको थियो। आगामी वैशाख ३१ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डमा विभिन्न नौ विधामा अवार्ड प्रदान गरिदै छ। जसमा लाइफटाईम एचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलाडी पुरुष, वर्ष उत्कृष्ट महिला, वर्ष उदियमान खेलाडी, वर्ष उत्कृष्ट खेल संघ संस्था, पिपुल्स च्वाइस अवार्ड, स्पेशल अवार्ड र वर्ष उत्कृष्ट खेल पत्रकार रहेका छन।

# सार्दिखोला पोखरा सम्पर्क समितिमा सर्वसम्मत नेतृत्व चयन

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख




सार्दिखोला पोखरा सम्पर्क समितिको शनिबार सम्पन्न पाँचौ अधिवेशनले वम बहादुर गुरुङलाई पुन अध्यक्षमा सर्वसम्मत निर्वाचित गरेको छ।

समितिको बरिष्ठ उपाध्यक्षमा लोकतान्त्रिक आचार्य, महिला उपाध्यक्ष कमला गुरुङ, सचिव अनिल गुरुङ, कोषाध्यक्ष भोजराज आचार्य र सहसचिव गम बहादुर गुरुङ सर्वसम्मत चयन भएका छन। समितिको सदस्यमा हिरा बहादुर घले,आश कुमारी गुरुङ, सु. शेर बहादुर गुरुङ, दुर्गा लक्ष्मी गुरुङ चयन भएका छन।

त्यसैगरी सदस्यहरूमा लिला बहादुर क्षेत्री,क्या.हर्क बहादुर गुरुङ, ईश्वर काजी गुरुङ, सुशील गुरुङ र बुद्धि शोभा गुरुङ सर्वसम्मत चयन भएको निर्वाचन समितिका संयोजक मित्रलाल आचार्यले जानकारी दिए। निर्वाचन समितिमा अमर बहादुर गुरुङ र छविलाल आचार्य सदस्य थिए। सोह्रौ साधारण सभा तथा पाँचौं महाधिवेशनको माछापुच्छे गाउँपालिकाका प्रवक्तासमेत रहेका २ नं वडाअध्यक्ष गणेश आचार्यले उद्धाटन गरेका थिए। समितिका अध्यक्ष बम बहादुर गुरुङको अध्यक्षतामा भएको अधिवेशनमा माछापुच्छे माविका प्रधानाध्यापक सन्तोष आचार्य, सार्दिखोला विकास मञ्चका अध्यक्ष टेकराज आचार्यले सम्पर्क समितिले माछापुच्छे मावि र सार्दिखोलाको विकासमा खेलेको भूमिकाका बारेमा चर्चा गरेका थिए।

साधारण सभामा अध्यक्ष बम बहादुर गुरुङ, सचिव अनिल गुरुङ र कोषाध्यक्ष भोजराज आचार्यले पेस गरेका प्रतिवेदन पारित भएका थिए।

# लोकभजन संरक्षण र पुस्तान्तरणमा सक्रिय हुँदै व्यास नगरपालिका

पोखरापत्र संवाददाता
तनहुँ, १९ बैशाख

लोकभजन संरक्षण गर्दै पुस्तान्तरणमा व्यास नगरपालिका अग्रसर भएको छ। परम्परागत संस्कृतिको जगेर्ना र नयाँ पुस्तामा यसको हस्तान्तरण गर्ने उद्देश्यले नियमित भजन प्रतियोगिता, सांस्कृतिक उत्सवलगायत कार्यक्रममा नगरपालिका सक्रिय भएको हो।

पछिल्लो समय आधुनिकतासँगै मौलिक भजन-कीर्तन हराउँदै लोप हुने अवस्थामा पुगेकाले यसको संरक्षण र पुस्तान्तरण गर्ने उद्देश्यले नगरपालिकाले यस क्षेत्रमा विशेष पहल थालेको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो।

नगरपालिकाले विभिन्न वडामा भजन समूहको पहिचान गर्न प्रतियोगिता सञ्चालन गर्ने तयारी गरेको बताउँदै उहाँले प्रतियोगिताले भजन समूह बनाउन सहयोग पुग्ने अपेक्षा व्यक्त गर्नुभयो। "स्थानीय अग्रज, भजन गायक तथा संस्कृतिकर्मीको सहयोगमा पुराना भजन, तिनका धुन र शैली सङ्कलन गर्न यसले मद्दत पुग्नेछ। साथै, युवा पुस्तालाई भजन सिकाउने सहयोग सिद्ध हुनेछ", नगरप्रमुख न्यौपानेले भन्नुभयो, "लोकभजन हाम्रो सांस्कृतिक पहिचानको महत्वपूर्ण अंश हो। यसलाई जोगाउनु र नयाँ पुस्तामा हस्तान्तरण गर्नु हाम्रो दायित्व हो।" नियमित भजन प्रतियोगिता, सांस्कृतिक उत्सव तथा अन्तर पुस्ता संवाद कार्यक्रम आयोजना गरी संस्कृतिको संरक्षण गर्नुपर्ने अवस्था आएको व्यास प्रज्ञा प्रतिष्ठानका उपकुलपति काशीनाथ न्यौपानेले बताउनुभयो। यसले वृद्ध र युवा पुस्ताबीच सांस्कृतिक आदानप्रदान बढाउन मद्दत पुगेको उहाँको भनाइ छ। स्थानीय भजन समूहले नगरपालिकाको पहललाई सकारात्मक रूपमा लिएका छन्। स्थानीयका अनुसार यस अभियानले हराउँदै गइरहेको परम्परालाई पुनर्जीवित गर्न सहयोग पुग्नेछ। व्यास नगरपालिकाको यो कदमले अन्य स्थानीय तहलाई समेत आफ्नो मौलिक संस्कृति संरक्षणमा प्रेरणा दिने अपेक्षा गरिएको छ। पराशर आश्रम संरक्षण समितिको आयोजना र व्यास नगरपालिकाको सहयोगमा आज दमौलीमा भजन प्रतियोगिता सञ्चालन भएको छ। प्रतियोगितामा व्यास-५ स्थित जलेश्वर संकिर्तन समूह प्रथम भएको छ। व्यास ज्योति धर्म जागरण भजनकीर्तन समूह द्वितीय, आदिकवि भानुभक्त क्याम्पस तृतीय र नव आदर्श आमा समूह सान्त्वना भएका छन्।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# अध्यादेश मार्फत संविधान संशोधन नगर

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषदको सिफारिसमा हालसम्म ६ वटा अध्यादेश जारी गरेका छन् । केहीमा व्यापक बहस, विवादहरू सिर्जना भएका छन् । संविधान नै बाभिने खालका खासगरी संवैधानिक परिषद्सम्बन्धी अध्यादेश प्रमाणीकरण गर्ने, नगर्ने विषयमा शीतल निवास दोधारमा परेको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३, २०८३ र विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३, सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ जारी भएको छ ।

प्रतिनिधिसभामा झण्डै दुईतिहाइ सदस्यसहित सरकार बनाएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई नयाँ कानुन निर्माण वा विद्यमान कानुन फेरबदलका लागि यो संख्या पर्याप्त हुन्छ । अध्यादेशका विषयमा राष्ट्रपति रामचन्द्र पौडेलले कानुनविद्बोलाई बहस चलाइरहेका छन् । कानुन र राजनीतिक वृत्तबाट ती अध्यादेश अक्षरशः पारित हुनुपर्ने, थप छलफल गर्नुपर्ने वा फिर्ता गर्नुपर्नेसम्मका सुझावहरू आइरहेका छन् । यसले अध्यादेश वा कानुन निर्माणका सन्दर्भमा सरकार र खासगरी यसको नेतृत्व गर्ने रास्वपाले पर्याप्त गृहकार्य गर्नुपर्ने देखिन्छ ।

संवैधानिक परिषदसम्बन्धी विधेयक संसदले पारित गरेर पठाउंदा केपी ओली सरकारका पालामा समेत राष्ट्रपति पौडेलले फिर्ता गरेका कारण नैतिक संकट उत्पन्न भएको छ । एकै सन्दर्भ र विषयमा कुनै बेला रोक्ने, कुनै बेला जारी गर्नु युक्तिसंगत हुन्छ वा हुँदैन भन्ने प्रश्नको सामना यतिबेला शीतल निवासले गरिरहेको छ । नेपालको राजनीतिको सन्दर्भमा अध्यादेशको हतियारलाई सरकारले आफू अनुकूल प्रयोग गर्दै आएको इतिहास छ । आफ्नो स्वार्थ अनुकूल हुँदा संसद् छली कार्यकारी निर्णयबाटै अध्यादेशबाट कानुन जारी गर्ने परिपाटी विवादित बन्दै आएको छ। सरकार निरंकुश बन्ने बाटो अध्यादेश मार्फत हुने आशङ्का नागरिकमा छ ।

नयाँ सरकार बन्नासाथ वालेन्द्र नेतृत्वको सरकारले तत्काल गर्नुपर्ने सय वटा कामहरूको सूची सार्वजनिक गरेको थियो । सोहीअनुसार अघि बढ्न विद्यमान कानुन बाधक बनेको ठान्दै सरकारले संशोधन गर्न लागेको छ । अघिल्ला सरकारले गरेका नियुक्ति एकमुष्ठ खारेज गर्न, विकास निर्माणका कामलाई गति दिन अध्यादेश ल्याउनु परेको तर्क सरकारले गरेको छ ।

सबै अध्यादेशलाई एकै डालोमा राखेर मापन गर्न सकिँदैन। अध्यादेशको निर्णय गर्नुअघि यसको अपरिहार्यताको विषयमा सरकारले सम्बद्ध पक्षसँग छलफल र परामर्श कति गर्‍यो भन्ने अहम् प्रश्न सिर्जना भएको छ। स्वयं प्रधानमन्त्री वालेन्द्र शाहले यो विषयमा राष्ट्रपतिसँग छलफल नगरेको सार्वजनिक जानकारीमा आएको छ। यसले मुलुकका प्रमुख निकायबीच यति गम्भीर विषयमा संवादहीनता देखाएको छ ।

सरकारको कामलाई चुस्तता दिन कुनै कानुन बाधक भए त्यसको संशोधन हुनु पर्छ । त्यसको विधिसम्मत प्रक्रियामा सरकार चुक्न हुन्न । संसद अधिवेशन आह्वान हुन सकेन वा लामो समय लाग्छ भने अध्यादेश जरुरी भए, नभएको निर्क्योल गर्ने पनि सरकारले हो । तर, त्यसका लागि पर्याप्त गृहकार्य सहित पेस भएको भए आजको अवस्था आउने पक्कै थिएन । राष्ट्रपति पौडेलले पनि यो विषयमा प्रधानमन्त्रीलाई बोलाएर थप प्रस्ट हुनुपर्छ । कतिपय प्रावधानलाई सरकारले प्रस्ट्याउन सक्छ । थप अध्ययन गर्न सक्छ। यो नै व्यावहारिक र बुद्धिमत्ता हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटकीय गन्तव्य दोभान सडक सञ्जालमा जोडियो

**पोखरापत्र संवाददाता**
म्याग्दी १९ बैशाख

यहाँको धवलागिरी गाउँपालिका-४ स्थित पर्यटकीयस्थल दोभान सडक सञ्जालमा जोडिएको छ। म्याग्दी हुँदै मुस्ताङ र धौलागिरि आरोहण गर्न जाने पर्यटकहरूले प्रयोग गर्ने धौलागिरि चक्रीय पदमार्गमा समेटिएको दोभानसम्म गाडी चल्न थालेपछि पर्यटक र स्थानीयवासीलाई सहज भएको छ। यो स्थान समुन्द्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको छ।

यहाँ ६५ मेगावाट क्षमताको म्याग्दी खोला जलविद्युत् आयोजनाले धौलागिरि चक्रीय पदमार्गको अन्तिम मानवबस्ती बगरदेखि दोभानस्थित बाँध निर्माणस्थलसम्म नौ किलोमिटर सडकको मार्ग खोलेपछि आवतजावत र ढुवानीमा सहज भएको व्यवसायी सोम पुनले बताउनुभयो। "यसअघि बगरदेखि दोभान पुग्न पूरै दिन भीर, जङ्गल र खोल्साको बाटो हिंड्नुपर्ने थियो", उहाँले भन्नुभयो, "हाल यहाँ जिप, मोटरसाइकल, ट्याक्टर र ट्रक चल्न थालेपछि ढुवानी र आवतजावतमा सहज भएको छ ।" सडकको मार्ग खोलेपछि अब बेनीदेखि पाँच घण्टामा दोभान पुग्न सकिने भएको छ । विदेशी पर्यटकले पछिल्ला दिनमा मार्फादेखि आधार शिविर जाने पदमार्ग र हेलिकप्टर प्रयोग गर्न थालेपछि दोभानमा चहलपहल घटेको थियो। यातायात सुविधा पुगेपछि यहाँ आन्तरिक पर्यटकहरूको संख्या बढ्न थालेको व्यवसायी लक्ष्मण घर्तीले बताउनुभयो । धौलागिरि पहिलो र चौथो हिमालको फेदीमा रहेको समथर फाँटमा अवस्थित दोभान शान्त वातावरण र वनजङ्गलका साथै कुनाबन तालको अवलोकन, च्याउ र टुसालगायत परिकारका लागि प्रसिद्ध छ। 'हाइड्रो भिलेज' प्रवर्द्धक रहेको म्याग्दी खोला जलविद्युत् आयोजनाले गत पुस महिनादेखि बगरबाट डोजर र विस्फोटक पदार्थ प्रयोग गरेर बाँधसम्म पहुँचमार्ग निर्माण थालेको थियो। आयोजना प्रमुख उत्तम पौडेलले बगर-तातोपानी खण्डको भीरमा मार्ग खुलाउने काम भइरहेको र म्याग्दी नदीको किनारै किनार 'डाइभर्सन' बनाएर यातायात सञ्चालनको व्यवस्था मिलाएको बताउनुभयो । यहाँ बर्खाअघि नै करिब एक किलोमिटर दूरीमा रहेको भीर छिचोलेर सडकमार्ग खुलाउन काम सुरु भएको उहाँले जानकारी दिनुभयो।

# 'एक घर एक धारा'ले फेरियो दैनिकी

**पोखरापत्र संवाददाता**
बागलुङ १९ बैशाख

भौगोलिक हिसाबले बागलुङ जिल्लाको अति विकट मानिने जैमिनी नगरपालिका-३ दमेकको देउरालीखानीका सर्वसाधारणले लामो समयपछि सहजै खानेपानी पाएका छन्।

गाउँमा 'एक घर, एक धारा' योजना सम्पन्न भएपछि स्थानीयलाई सजिलो भएको छ । गोर्खा वेलफेयर ट्रष्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग, नगरपालिकाको समन्वय र स्थानीय जनसहभागितामा देउरालीखानीमा 'एक घर, एक धारा' योजना सम्पन्न भएको छ। योजनाअन्तर्गत देउरालीखानीका ३४ घरधुरी लाभान्वित भएका छन् । त्यसबाहेक विद्यालय र खोप क्लिनिक गरी ३६ वटा खानेपानीको धारा निर्माण गरिएको हो । गोर्खा वेलफेयरको रु ३६ लाख र स्थानीयको रु नौ लाख बराबरको श्रमदान गरी कूल रु ४५ लाख बजेटमा 'एक घर, एक धारा' योजना सम्पन्न गरिएको देउरालीखानी माझगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष वेदबहादुर छन्त्यालले जानकारी दिनुभयो । माझगाउँको शिरमा रहेको छेरछेरे मूलको पानी सङ्कलन गरेर गाउँका घर घरमा वितरण गरिएको छ। योजनाअन्तर्गत दुई हजार लिटरका दुई, चार र पाँच हजार लिटर क्षमताका दुई ट्याङ्की निर्माण गरिएको छन्त्यालले बताउनुभयो । योजना बनेपछि देउरालीखानीमा पर्याप्त खानेपानीको व्यवस्था भएको अध्यक्ष छन्त्यालको भनाइ थियो । विसं २०५३ मा कादुरी संस्थाले निर्माण गरिदिएको खानेपानी योजनाअन्तर्गत बनेका सामूहिक धाराबाट माझगाउँवासीले पानी उपभोग गर्दै आएका थिए। "योजना जीर्ण हुनु र सामूहिक धाराले उपभोक्तालाई असहज थियो, घरघरमा धारा बनेपछि पर्याप्त खानेपानी उपभोग गर्न पाएका छौँ", समितिका सचिव जमुना छन्त्यालले भन्नुभयो । खानेपानीको स्रोत भएर पनि सहज रूपमा खानेपानी नपाउँदा समस्या झेल्दै आएका थिए । घरघरमा खानेपानी विस्तार भएसँगै स्थानीयवासी खुसी भएका छन् । आँगनमै खानेपानीको धारा निर्माण भएपछि दैनिक उपभोग गर्न र बस्तुभाउलाई खुवाउन निकै सजिलो भएको छन्त्यालले बताउनुभयो । उहाँले भन्नुभयो, "सबैको घरमा चौबिसै घण्टा फिल्टर गरेको स्वच्छ खानेपानी आउन थालेपछि माझगाउँवासीलाई सुविस्ता भएको छ ।" जनजातिको बाक्लो बस्ती रहेको देउरालीखानी अर्गानिक गाउँका रूपमा पनि परिचित छ । खानेपानी योजनालाई दिगोपना दिन नगरपालिकाले साथ दिने जैमिनीका नगरप्रमुख हरिहर शर्माले बताउनुभयो । "नागरिकको दुःखमा साथ दिन स्थानीय सरकार सधैँ तत्पर छ", योजनाको शुभारम्भ शर्माले भन्नुभयो, "सीमित स्रोत र साधनका बाबजुत पनि दुरदराजका जनताका न्यूनतम् आवश्यकता परि पूर्ति गर्न तयार छौँ ।"

# ठिनी खोला पुल निर्माण अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ बैशाख

यहाँको घरपझोङ गाउँपालिका-५ ठिनीस्थित थाक पाँच गाउँ रिङरोड सडक जोड्ने 'प्रिस्टेज मोटरेबल' पुल म्याद नसकिँदै अन्तिम चरणमा पुगेको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय गण्डकी अन्तर्गत पूर्वाधार विकास कार्यालय मुस्ताङले कायान्वयनमा ल्याएको यहाँको ठिनी खोलामा निर्माणधीन मोटरबल पुल सम्झौता अवधि नसकिँदै सम्पन्न हुन लागेको हो ।

यहाँको घरपझोङ गाउँपालिकास्थित कालिगण्डकी नदी पारीको ओझेलमा परेका ग्रामीण वस्ती तथा पर्यटकीय गन्तब्य ढुम्बाताल जोड्ने ठिनी खोलामा ३५ मिटर लामो र आठ फुटफाथसहित ८ दशमलज ४ मिटर चौडा पुल निर्माण अन्तिम चरणमा रहेको पूर्वाधार विकास कार्यालयका सवईन्जिनीयर जगदीश जोशीले जानकारी दिनुभयो । पुलको दुईतफी पाउन्डेसन वाल, क्याप र पुलको स्लाप ढलानलगायतका कार्य सम्पन्न भएको र अहिले पुलको एप्रोजका लागि ग्याविक वाल लगाउन काम भइरहेको उहाँले बताउनुभयो। यहाँका ठिनी खोला पक्की प्रिस्टेज मोटरेबल पुल विस २०८१ साल साउन २९ गते अमित विल्डर्स जेभीसँग ठेक्का सम्झौता भएको थियो । बहुवर्षीय ठेक्का अन्तर्गत दुई वर्षको सम्झौता अवधि रहेको ठिनी खोला पुलको अन्तिम म्याद विस २०८३ को साउन २८ गतेसम्म रहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

यहाँको ठिनी खोलामा निर्माणधीन पुलको ठेक्का सम्झौता लागत चार करोड ४६ लाख रहेको छ । कार्यालयका सवईन्जिनीयर जोशीका अनुसार ठिनी खोला पुलको पछिल्लो भौतिक प्रगती ८५ प्रतिशत र वित्तिय प्रगति ७४. ५७ प्रतिशत रहेको छ । ठिनी खोला पुल निर्माणका लागि चालु वर्ष विनियोजन भएको बजेट सकिएका अन्य योजनाको बजेट रकमान्तर गरी निर्माण कम्पनीलाई भुक्तानी दिने योजना रहेको सवईन्जिनीयर जोशीले बताउनुभयो । यसैगरी निर्माण कम्पनीका ईन्जिनीयर नरेश पुनका अनुसार ठिनी खोलामा निर्माणधीन पुलको सम्पूर्ण काम सम्झौता अवधिको एक महिना अगावै सकिने जानकारी दिनुभयो। पुलको महत्वपूर्ण काम सकिएको र अहिले पुलको एप्रोज सडक, रिटेनिङ वाल, फुटपाथलगायत फिनिसिङ्को काम बाँकी रहेको ईन्जीनीयर पुनले बताउनुभयो। मुस्ताङका कतिपय विकास योजना पटकपटक म्याद थपिँदै जाने गरेको उल्लेख गर्दै निर्माण कम्पनी ईन्जिनीयर पुनले निर्माण कमपनीले तोकिएको म्यादभित्र ठिनी खोला सम्पन्न गर्ने लक्ष्यसहित जनशक्ति र उपकरण परिचालित गरेको बताउनुभयो ।

घरपझोङ रिङरोड सडक जोड्ने ठिनी खोलामा पक्की पुल नहुँदा बर्खायामको समयमा हेभी प्रकारका सवारी साधनलाई आउजाउमा निकै समस्या छ । निर्माण कम्पनीले ठिनीको खोलामा डाईभर्सन गरी अस्थायी काठेपुल स्थान्तरण गरेको थियो । गण्डकी प्रदेस सरकारले घरपझोङ गाउँपालिकाको थाक पाँच गाउँ अन्तर्गत जोमसोम, ठिनी, ढुम्बा, स्याङ, छैरो-चिमाङ र मार्फा जोड्ने गरी १० दशमलव ५ किलोमिटर सडक स्तरोन्नति गरेको छ। रिङरोड सडक अन्तर्गत जोमसोमदेखि ढुम्बासम्म ५ दशमलव ५ किमी कालोपत्र र ढुम्बादेखि छैरो-चिमाङसम्म चट्टान काटेर पाँच किलोमिटर ग्राभेल सडक विस्तारको काम गरेको थियो । रिङरोड जोड्ने ठिनी खोलामा पुल निर्माण सम्पन्न भएमा ढुम्बाताल जाने पर्यटकलाई बाह्रै महिना सहज हुने वडाध्यक्ष प्रदीप थकालीले जानकारी दिनुभयो। सडकसँगै पुल बनेपछि घरपझोङ गाउँपालिकाको थाक पाँचमा उत्पादन हुने स्याउ, उवा, फापर, आलुलगायतका अन्नबालीको सहज बजारिकणमा टेवा पुग्ने वडाध्यक्ष थकालीको भनाइ छ।

# म्याग्दी 'कोरिडोर' विद्युत् प्रसारण लाइन आयोजना निर्माण थालियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ बैशाख



१३२ केभी क्षमताको म्याग्दी 'कोरिडोर' विद्युत् प्रसारण लाइन आयोजना निर्माण थालिएको छ । धवलागिरि र मालिका गाउँपालिका भएर बग्ने म्याग्दी नदीमा निर्माणाधीन तीन वटा जलविद्युत् आयोजनाले उत्पादन गर्ने विद्युत्लाई राष्ट्रिय प्रणालीमा जोड्न संयुक्त रुपमा 'डबल' र ' मल्टी' सर्किट प्रसारण लाइन बनाउन सुरु गरिएको हो ।

धवलागिरि गाउँपालिका-४ जेल्तुङदेखि वडा नं ३ र ७ हुँदै मालिका गाउँपालिका-७ मा रहेको नेपाल विद्युत् प्राधिकरणको डाँडाखेत सबस्टेसन जोड्ने १६ दशमलब ४८ किलोमिटर लामो प्रसारण लाइन निर्माण हुन लागेको हो । यस आयोजनाबाट तीन वटा आयोजनाबाट उत्पादन हुने १६४ दशमलब ७५ मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा जोडिने माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी हाइड्रो इम्पाएरका सञ्चालक पूर्णबहादुर पुनले बताउनुभयो ।

कुल ६५ मेगावाट क्षमताको म्याग्दीखोला, ४६.२५ मेगावाट क्षमताको माथिल्लो म्याग्दी र ५३.५ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनाले साझेदारी गरेर बनाउन लागेको आयोजनाको ५७ वटा टावर निर्माण हुनेछन् ।

कुल रु ४२ करोड ६२ लाख लागत अनुमान गरिएको आयोजना निर्माणका लागि आठ दशमलव ४० हेक्टर निजी र २१ दशमलब ९९ हेक्टर राष्ट्रिय वनको जग्गा प्रयोग हुनेछ । सार्वजनिक वन प्रयोग गरेबापत सरकारलाई जग्गा सट्टाभर्ना गरिने, टावर रहने निजी जग्गा खरिद तथा प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने जग्गाका धनीहरुलाई क्षतिपूर्ति उपलब्ध गराइने आयोजनाले जनाएको छ। आयोजना निर्माणका क्रममा हुन सक्ने वातावरणीय प्रभाव न्यूनीकरणका लागि रु ४१ लाख ७५ हजार र सामाजिक सहयोग कार्यक्रमका लागि रु २१ लाख ३१ हजार रकम प्रस्ताव गरिएको छ। प्रभावित क्षेत्रका बासिन्दाको सुझाव समेटेर वातावरणीय परीक्षण प्रतिवेदन पारित भएपछि निर्माण सुरु हुने प्रसारण लाइन आयोजना आठ महिनामा सम्पन्न गरिने म्याग्दीखोला जलविद्युत् आयोजनाका प्रमुख उत्तम पौडेलले बताउनुभयो ।

विसं २०८१ असोज ६ गते सर्वेक्षण अनुमति प्राप्त भएको म्याग्दी कोरिडोर प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीयपरीक्षणको कार्यसूची ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट २०८१ साल चैत १२ गते स्वीकृत भएको थियो ।

# तीन करोड ६२ लाख खर्चेर डुडियाघाटमा बनाइयो पक्की पुल

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ बैशाख

बागलुङका काठेखोला गाउँपालिका-२ भिमापोखरा र काठेखोला गाउँपालिका-४ तग्राम जोड्नका लागि डुडियाघाटमा पक्की पुल निर्माण सम्पन्न भएको छ। बागलुङको काठेखोला गाउँपलिकाभित्र बाह्रै मास सवारीसाधन सञ्चालनमा ल्याउने योजनाअनुसार डुडियाखोलाको डुडियाघाटमा पक्की पुल निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत रु तीन करोड ६२ लाख २२ हजार खर्चेर पुल निर्माण सम्पन्न गरिएको छ । ठेक्का पाएको बिएमए निर्माण सेवाले २०८० कात्तिक १७ गते २०८२ वैशाखमा सम्पन्न गर्ने गरी सम्झौता गरिएको थियो । निर्माण कम्पनीले सम्झौताको एक वर्ष ढिला गरी निर्माण कार्य सकेको छ ।

निर्माण सम्पन्न भएर हस्तान्तरणको चरणमा पुल पुगेको पूर्वाधार विकास कार्यालयका प्रमुख दीपेश रिगलले जानकारी दिनुभयो । आरसिसिटी बिम प्रकारको पुल ८ दशमलव ४० मिटर चौडाइ र २० मिटर लम्बाइको रहेको छ । उक्त पुल निर्माण सकेर हस्तान्तरणको प्रक्रियामा पुगेको निर्माण व्यवसायी विमलेश आचार्यले जानकारी दिनुभयो । गत वर्ष सक्नुपर्ने गरी पुल पहिले नै ढलान भए पनि सडकको दुईतर्फ काम बाँकी रहेको र भुक्तानीमा ढिलाइ भएकाले एक वर्षपछि मात्रै पुल निर्माण सम्पन्न भएको आचार्यले जनकारी दिनुभयो । पुल निर्माणपछि काठेखोला गाउँपालिकाको दुई वडा तङ्ग्राम र धम्जामा र ताराखोला गाउँपालिका पुग्ने छोटो सडक बाह्रैमास सञ्चालनमा आउने छ । गाउँपालिकाभर अहिलेसम्म गण्डकी प्रदेश सरकारले तीन ठाउँमा पक्की पुल निर्माण सम्पन्न भएपछि गाउँपालिकाभर बर्खामा यातायात ठप्प नहुने काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो ।

काठेखोला गाउँपालिकाको रेश जाने सडकको रेशस्थित एक्लेखेत, लामाबगर खोला र डुडियाघाटमा पक्की पुल बनेपछि गाउँपालिकाका सबै वडामा बाह्रैमास सवारीसाधन चल्ने भएको अध्यक्ष थापाले जानकारी दिनुभयो । गण्डकी प्रदेश सकारको १२ करोड लगानीमा तीन वटा पुल निर्माण सम्पन्न भएको हो । "पक्की पुल निर्माणमा प्रदेश सरकाले सहयोग गरेका कारण काठेखोलामा बाह्रैमास सवारीसाधन चल्ने भएका छन्, दुई वर्षदेखि रेश र तीन वर्षदेखि लामाबगरमा पुल बन्दा सहज भएको र अहिले डुडियाघाटको पुल समेत निर्माण सम्पन्न भइसकेको छ," थापाले भन्नुभयो, "पुल नहुँदा बर्खामा सवारीसाधन ठप्पजस्तै हुन्थे अब सहज भयो, गाउँपालिकाको ध्यान अब सडक स्तरोन्नतिमा छ ।"

# गाउँ पर्यटन 'मार्ट: परम्परागत ज्ञान, सीप र संस्कृतिको संरक्षणको अनुभव आदानप्रदान गर्ने साझा मञ्च

**रासस**
बन्दीपुर, १९ बैशाख

'बन्दिपुर' मनमोहक कलात्मक नेवारी शैलीका जीवन्त घरको अद्वितीय वस्ति । क्षण क्षणमा प्रकृतिकले लुकामारी खेलिरहने अर्थात् रूप र रङ फेरिरहने अनुपमस्थल । कहिल्यै अध्यारो नहुँने, सदा चम्किरहने र हाँसिरहने ग्रामीण पर्यटनको उत्कृष्ट गन्तव्य ।

काष्टकलाका परम्परागतसहित र केही आधुनिकता घरका बीचमा खाली गल्लि । 'पहाडकी रानी' उपमाले परिचित यही गल्लिामा विहीबार मुस्ताङको स्याङखोला थकाली सामुदायिक घरवास 'होमस्टे'का सञ्चालकद्वय रुपना थकाली र आसिका थकालीलाई आफ्नो गाउँको बारेमा जानकारी गराउन भ्याइनभ्याई थियो ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना एवम् गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकीको सहआयोजनामा आजदेखि सुरु 'गाउँ पर्यटन मार्ट २०८३'मा उहाँहरू जस्तै गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट सहभागी २९ 'होमस्टे' का सञ्चालक आफ्ना 'होमस्टे'को बखान गर्न दिनैभर व्यस्त देखिन्थे । परम्परागत बाजागाजा, परम्परागत पोशाकमा सजिएका युवा युवतीसँगै, झाँकी, च्यालीसँगै मौलिकतासमेतले सिङ्गारिएको यहाँको रोमाञ्चक परिवेशमा हिमालदेखि पहाड हुँदै तराईसम्मका 'होमस्टे'को एक साथ परिसम्वाद गरिएको थियो ।

गाउँ पर्यटनको प्रवर्द्धन र विकासको लक्ष्यका साथ आयोजना गरिएको मार्टका सहभागीले आफ्नो गाउँको चर्चा गर्दै पर्यटकलाई आफ्नो ठाउँमा आएर त्यहाँको वास्तविक प्रकृति र संस्कृतिलाई नियाल्दै न्यानो आतिथ्यताको प्रत्यक्ष अनुभूति लिन आग्रह गरेका थिए ।

स्याङखोला थकाली सामुदायिक 'होमस्टे'का सञ्चालकद्वय थकालीले आफ्नो 'होमस्टे' एक आकर्षक र मौलिक गाउँ पर्यटनको गन्तव्य बनेको भनिरहँदा मार्टका सहभागी पाहुनाले त्यहाँका बारेमा अभिरुचिपूर्वक सुनिरहेका देखिन्थे । 'होमस्टे'को चर्चासँगै उहाँहरूले आफ्नो होमस्टेमा किन्न पाइने सिमी, जिम्बु, टिमुरको




छोप आदि बारे पनि जानकारी गराएका थिए । मार्टमा सहभागी हुँदा आफ्नो स्थानको परिचय गराउनुका साथै अन्य होमस्टेका सञ्चालकसँग पर्यटकीय साझेदारीका विषयमा पनि महत्वपूर्ण गफगाफ भएको सञ्चालक रुपना थकालीले बताउनुभयो । मार्टमा भएको सहभागिताले 'होमस्टे'को राम्रै प्रचारप्रसार भएको उहाँले विश्वास व्यक्त गर्नुभयो । मनाङको नासो गाउँपालिका-४ स्थित ओढार घरवासबाट सहभागी पूर्णसुव्वा गुरुङले मार्टलाई आँफूहरूले होमस्टेकोप्रचारप्रसारको महत्वपूर्ण अवसरका रूपमा लिएको बताउनुभयो । मार्टमा नै सहभागी बन्न आएको पर्वतको कुष्मा नगरपालिका-७ स्थित कुष्मा सामुदायिक होमस्टेका सञ्चालक राधिका अधिकारी पाध्याले मार्टमा बिक्रीमा ल्याइएको सबै समान क्षण भरमा नै बिक्री भएको अनुभव सुनाउनुभयो । 'होमस्टे'मार्फत छुर्पी, कुराउनी, जेठोबुढाको चामल, पुष्टकारी, घ्यु आदि तयार गरी बिक्री गर्ने गरेको जनाउँदै उहाँले 'मार्ट'मा थोरै मात्रामा ल्याइएको भएपनि २५ हजार बराबरको समान बिक्री भएको जानकारी गराउनुभयो । होमस्टेको प्रचाप्रसारसँगै आँफूका उत्पादनको बजारीकरणमा सहयोग मिलेको 'होमस्टे'का अर्का सञ्चालक सदस्य स्वेच्छा आचार्यको भनाइ छ । मार्टमा विभिन्न 'होमस्टे'ले आँफैंले तयार गरी बिक्री गर्ने गरिएका स्थानीय उत्पादन बिक्री तथा प्रदर्शनी गरिएको थियो । तराईको जिल्ला नवलपुरको देबचुली नगरपालिका-१७ स्थित पिप्रहर सामूदायिक 'होमस्टे' ग्रामका व्यवस्थापक डोलबहादुर महतो गाउँ पर्यटनको बजारीकरणका साथै 'होमस्टे' बीचको पर्यटकीय साझेदारीका लागि मार्ट बहु उपयोगी बनेको बताउनुहुन्छ । जङ्गल सफारी, थारु संस्कृति आदि विषय पिप्रहर 'होमस्टे'को विशेषता भएको बताउँदै उहाँले आँफूले उक्त 'होमस्टे'का मा आएर जंगल सफारी गर्दा गैंडा नदेखिएमा पूरै पैसा फिर्ता गर्ने उद्घोषसहित बजारीकरण गरिरहेको बताउनुभयो । गण्डकी प्रदेशका ११ जिल्लामध्ये म्याग्दी बाहेक सबै जिल्लाबाट मार्टमा सहभागितामुलक सहभागिता भएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले जानकारी दिनुभयो ।

"यस मार्टमार्फत समग्र गण्डकी प्रदेशको गाउँ पर्यटनको हामीले प्रवर्द्धन गर्न खोजेका छौं", उहाँले भन्नुभयो, "यस मार्टले 'होमस्टे'सञ्चालकबीचव्यवसायिक साझेदारी अभिबृद्धिमा पनि विशेष योगदान पुगेको छ ।" गण्डकी प्रदेशको पर्यटकीय विकासलाई प्रदेशका सबै जिल्ला र स्थानमा पुऱ्याउने बोर्डको लक्ष्य रहेको उहाँले बताउनुभयो ।

मार्टकै अवसर पारेर सञ्चारकर्मी तथा व्यवसायी सहभागी गराएर बन्दीपुर र आसपासका पर्यटकीय गन्तव्यको परिचयात्मक भ्रमण (फार्म ट्रिप)समेत गराइएको बताउँदै उहाँले उक्त कार्यक्रमले यस क्षेत्रका पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुगेको उल्लेख गर्नुभयो ।

पर्यटन बोर्ड पर्यटनको विकेन्द्रीकरण गर्दै विभिन्न स्थानमा पुग्ने लक्ष्य अनुरुप बन्दीपुर आइपुगेको उहाँको भनाइ छ ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले गाउँ पर्यटनले केवल आम्दानी बढाउने मात्र नभै हाम्रा परम्परागत ज्ञान, सीप र संस्कृतिको संरक्षण र उपयोगमा जोड दिने बताउनुभयो ।

गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकीकका अध्यक्ष शोभा सापकोटाले गाउँ पर्यटन केवल आम्दानी र रोजगारीसँग मात्र नभै स्थानीय उत्पादनमा पनि जोडिने धारणा राख्नुभयो । उत्पादनको बजारीकरण र उपयोगसँगै हाम्रा मौलिकताले भरिएका प्रकृति र संस्कृतिलाई पर्यटनसँग जोड्ने महत्वपूर्ण माध्यम होमस्टे बन्ने उहाँले बताउनुभयो ।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले यस मार्टले देशका विभिन्न स्थानका होमस्टे, स्थानीय उत्पादन, कला संस्कृति तथा परम्परागत खानाको प्रवर्द्धन गर्दै गाउँ पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । बन्दीपुर गाउँपालिका सदैव समुदायमा आधारित पर्यटन, सांस्कृतिक संरक्षण तथा वातावरणीय सन्तुलनलाई प्राथमिकतामा राख्दै अघि बढीरहेको उल्लेख गर्दै उहाँले यसबाट स्थानीय जनसहभागिता, उद्यमशीलता तथा पर्यटनमैत्री वातवरण सिर्जना गर्न थप टेवा पुग्ने अपेक्षा गरिएको जानकारी दिनुभयो । कार्यक्रमको शुभारम्भ गर्नुहुँदै गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमालले होमस्टेका माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न सकिने जानकारी दिनुभयो ।

पर्यटनको विकासका लागि सरकार र निजी क्षेत्र दुबैको संयुक्त प्रयास आवश्यक हुने बताउँदै उहाँले गाउँ पर्यटनका माध्यमबाट बढ्दो शहरीकरणलाई रोक्दै गाउँतर्फको आकर्षण बढाउन सकिने बताउनुभयो । होमस्टेका माध्यमबाट बाँझिदै गरेका भू-भागलाई उपयोग गर्ने वातावरण बनाउन सकिने उहाँले बताउनुभयो। गाउँ पर्यटनका माध्यमबाट स्थानीय मौलिकता जोगाउँदै स्थानीय उत्पादनको स्वाद पर्यटकलाई पुऱ्याएर आय आर्जन गर्न सकिने उहाँको भनाइ छ । सन् २०२५ मा बन्दीपुरमा ६ लाख २५ हजार पर्यटक भित्रिएका थिए । पाँचौ गाउँ पर्यटन मार्ट आगामी वर्ष गोरखामा आयोजना हुने भएको जनाइएको छ ।

# म्याग्दीमा महशिकार सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ बैशाख

म्याग्दीमा मह सिकार सुरु भएको छ । धवलागिरि, अन्नपूर्ण र रघुगङ्गा गाउँपालिकाको लेकाली क्षेत्रका भीरबाट मह निकाल्न थालिएको हो । धवलागिरी गाउँपालिका-२ खोरीयाका महसिकारी मोतिप्रसाद पाइजाले शुक्रबारदेखि महशिकार थालिएको जानकारी दिनुभयो ।

खोरीया नजिकैको महभिरमा रहेका दुई वटा घारमा शुक्रबार महशिकार गरेको पाइजाको टोलीले अन्य पहरामा पनि महशिकारलाई निरन्तरता दिने उहाँले बताउनुभयो । १५ जनाको टोलीले महभिरबाट करिब ७० लिटर मह निकालेको छ । बैंसीका भिरबाट सुरु हुने मह सिकार गर्दै असारमा लेकको पहाडमा पुगिने अन्नपूर्ण गाउँपालिका-५ स्वाँतका महशिकारी लोकबहादुर पाईजाले बताउनुभयो । मह सिकारीले डोरीको सहायताले भीर मौरीको गोला भएको देख्दै डरलाग्दो भिरमा झुण्डिएर मह निकाल्ने गर्दछन् । भिरमह खाँदा जति स्वादिलो र रसिलो हुन्छ यसलाई निकाल्न भने अत्यन्तै जोखिम मोल्नुपर्ने हुन्छ । भीरमा भीरमौरीले लगाएका गोला काट्नका लागि महसिकारी डोरी (पराङ)मा झुन्डिएर मह सिकार गर्ने गर्दछन् । वसन्त र शरद ऋतु महशिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बैंसी र शरद्मा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो ।



प्रतिलिटर रु तीन हजार देखि रु तीन हजार ५०० का दरले भिरमह बिक्री हुने गर्छ । मह निकाल्नका लागि भीरको माथिल्लो भाग र तल्लो भागमा दुई समूहमा सिकारी बाँडिएका हुन्छन् । एक समूहले भीरको माथिबाट तल भुइँसम्म डोरी(स्थानीय भाषामा परङ) झुन्ड्याउँछन् भने भिरको तलपट्टि रहेको अर्को समूहले मह थाप्ने र स्याहार्ने गर्दछन् । महको चाका वरिपरि माहुरी घेरिएर बसेका हुन्छन् । धुवाँ लगाइदिएपछि मौरी भाग्छन् । त्यतिबेला मह निकाल्न विशेष ध्यान पुऱ्याउनुपर्छ । जब परङमार्फत गएका सिकारीले गोलामा धुँवा फोस्न सुरु गर्छन् माहुरीले टोक्ने डरले वरपरका सबै सिकारी रूख र ओडारमा लुक्छन् । माहुरी अन्यत्रै भागेपछि मात्र उनीहरूलाई बाहिर आएर मह निकाल्न सजिलो हुने गर्छ ।

मुख्य सिकारीले हतियार प्रयोग गरी निकालेको महको भाँडालाई डोरीको सहायताले भुइँसम्म ल्याउने गरिन्छ । स्वादिलो, स्वास्थ्यका लागि हितकर र शक्तिवर्द्धक हुनाका साथै धार्मिककार्यका लागि पनि प्रयोग हुने उपभोक्ताको अनुभव छ ।

# टेम्पल बेल बुटिक होटल एण्ड स्पाको वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

पोखराको लेकसाइडस्थित टेम्पल बेल बुटिक होटल एण्ड स्पाले विभिन्न सामाजिक काम गर्दै पहिलो वार्षिकोत्सव मनाएको छ ।

अर्न्तराष्ट्रिय श्रम दिवश तथा बुद्ध जयन्तिको अवसर समेत पारेर टेम्पल बेलले रक्तदान, सरसफाई तथा उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम गरेको हो ।

नेपाल रेडक्रस सोसाईटिको प्राविधिक सहयोगमा आयोजित रक्तदान कार्यक्रममा ३५ युनिट रगत संकलन गरिएको थियो । त्यस्तै, लेकसाइडको स्टि्रट नं १७ मा बृहत सरसफाई कार्यक्रम गरियो । कार्यक्रममा होटलमा आवद्ध कर्मचारीहरुको सहभागिता रहेको थियो । टेम्बल बेलमा कार्यतर ७० जना कर्मचारीहरु मध्ये ६ जना कर्मचारीलाई उत्कृष्ट कर्मचारी सम्मान बाट सम्मनित गरियो । वर्षभरिमा उनीहरुले गरेको कार्यसम्पादनको मुल्याङ्कन गर्दै विभिन्न ६ विधाबाट कर्मचारी




सम्मान गरिएको हो । होटलले बार्षिक उत्सबको दोश्रो चरणको कार्यक्रम अन्तर्गत काष्ठकला निमार्ण, ढुंगाका शिल्पकारहरु, ईन्टेरियर डिजायनकर्ता, लगाएत विभिन्न तरिकाले होटलको निमार्णमा सहयोग गर्नेहरुलाईसम्मान प्रदान गर्ने जनाएको छ । टेम्पल बेल बुटिक होटल एण्ड स्पालाई पोखराको प्रतिष्ठित चिल्ली ग्रुपका सञ्चालक दाजुभाईद्वय विश्वराज पौडेल र भिष्मराज पौडेलले संयुक्त रुपमा सञ्चालन गर्दै आएका छन् । नेपाली बास्तुकला, काष्ठकला, ढुंगा र हस्तकलाको कलात्मक सजावट र हरियाली युक्त बाताबरणमा सञ्चालित टेम्पल बेल स्थापनाको पहिलो वर्षमै अर्न्तराष्ट्रिय पर्यटकहरुको रोजाईमा पर्न थालेको सञ्चालक विश्वराज पौडेलको भनाई छ ।

झण्डै २ दशकदेखि पर्यटन उद्योगमा आवद्ध रहँदै यस क्षेत्रमा विशेष अनुभव बटुलेका पौडेल दाजुभाईले टेम्बल बेलमा पोखरा र वरिपरी रहेका प्राकृतिक सौन्दर्यता र साँस्कृतिक बिबिधता झल्किने सजावट सहितको समिश्रण झल्काएका छन् । होटलमा दक्ष, अनुभवी र फ्रेन्डली कर्मचारीको सेवा तथा न्यानो आतिथ्यतालाई प्रमुख प्राथमिकता दिई पाहुनालाइ शारीरिक बिश्राम मात्र नभई आत्मिक सन्तुष्टि दिदै आएको अर्का सञ्चालक भिष्मराज पौडेलको भनाई छ ।

# तनहुँ जलविद्युत् आयोजनामा ७५ प्रतिशत प्रगति

**पोखरापत्र संवाददाता**
दमौली, १९ बैशाख

तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा हालसम्म ७५ प्रतिशत प्रगति भएको छ । ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन आयोजनाको तीन वटै 'प्याकेज'मा काममा ७५ प्रतिशत प्रगति भएको आयोजनाले जनाएको छ ।

आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरणहरू र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । प्याकेज १ अन्तर्गत बाँधलगायत संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५७ प्रतिशत प्रगति भएको भण्डारीले बताउनुभयो । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा 'डाइभर्सन' सुरुङलगायत संरचनाको निर्माण सकिएको छ । मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ । उक्त कार्य सम्पन्न भएसँगै मुख्य बाँधको 'कङ्क्रिटिङ' तथा सम्बन्धित ग्राउटिङ कार्य सुरु गर्न आवश्यक पूर्वाधार तयार भएको छ । "आयोजनाको १४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०८१ चैत ७ गते पहिलो कङ्क्रिट राखी कङ्क्रिटङ कार्यको सुरुआत गरिएको थियो," उहाँले भन्नुभयो, "मुख्य बाँधको कङ्क्रिट, कोर ड्रिलिङ, ग्राउटिङलगायत कार्य जारी छन् ।" प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचनाहरू निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण सम्पन्न भएको भण्डारीले बताउनुभयो ।

विद्युत्गृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाहरूको मुख्य कङ्क्रटिङ कार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७६ प्रतिशत रहेको भण्डारीले बताउनुभयो । भण्डारीका अनुसार जलाशयको पानीलाई विद्युत्गृहतर्फ लैजान प्रयोग हुने मुख्य सुरुङको कङ्क्रिट लाइनिङ कार्य भइरहेको छ । कुल १४१८.७५ मिटर कङ्क्रिट लाइनिङ गर्नुपर्नेमा हालसम्म १४०७.७५ मिटर सम्पन्न भएका छ । प्याकेज ३ प्रसारण लाइनअन्तर्गत केइसी इन्टर नेसनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७८ वटा टावरको जग हाल्ने काम सम्पन्न गरेको छ । यस प्याकेजको प्रगति ७७ प्रतिशत रहेको छ । प्रसारण लाइनको मार्गाधिकारमा पर्ने राष्ट्रिय वनका रहेका रूखबिरुवा हटाउन सम्बन्धित डिभिजन वन कार्यालयसँगको समन्वयमा छपान कार्य सुरु भएको छ ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# नेकपाले आगामी मङ्सिर ११ देखि १५ गतेसम्म काठमाडौंमा महाधिवेशन गर्ने

**रासस**
काठमाडौं १९ बैशाख

नेपाली कम्युनिष्ट पार्टीले आगामी मङ्सिरमा एकता राष्ट्रिय महाधिवेशन आयोजना गर्ने घोषणा गरेको छ ।

पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा बसेको केन्द्रीय कार्य संयोजन समितिको बैठकले आगामी मङ्सिर ११ देखि १५ गतेसम्म काठमाडौंमा महाधिवशेन गर्ने निर्णय गरेको हो ।

आगामी साउन मसान्तसम्म पार्टी सदस्यता नवीकरण तथा सदस्यता विस्तार अभियान सञ्चालन गर्ने, भदौ १५ गतेसम्म वडा, भदौ १६ देखि मसान्तसम्म पालिका, असोज मसान्तसम्म जिल्ला र कात्तिक १५ गतेसम्म प्रदेश अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको सो पार्टीका प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिनुभयो । आगामी जेठ मसान्तभित्र केन्द्र, प्रदेश, जिल्ला, स्थानीय पालिका, वडा तथा टोल तहसम्मका सङ्गठनात्मक र पार्टी तथा जनवर्गीय/मोर्चा सङ्गठनहरूको एकीकरण तथा समायोजन गरिसक्ने प्रवक्ता ज्वालाद्वारा शनिबार जारी विज्ञप्तिमा जनाइएको छ । पार्टीको वडादेखि केन्द्रसम्मका सबै कमिटी समानुपातिक र समावेशी मान्यताअनुसार निर्वाचित हुने र निर्वाचित कमिटीमा अनुभवी, प्रौढ र युवा तथा नवयुवाको समावेशीता रहने छ । युवा र नवयुवाको प्रतिनिधित्व ५० प्रतिशतसम्म पुऱ्याइने पार्टीले जनाएको छ । नेकपाले नेताहरू देवप्रसाद गुरुङ, प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रनध्वज लिम्बू, रेखा शर्मा, गणेश विश्वकर्मा, वरिष्ठ अधिवक्ताद्वय डा मुक्तिनारायण प्रधान र डा खिमलाल देवकोटा, अधिवक्ता जगदेव चौधरी, डम्बर बिक्रम कार्की र डा रामबहादुर चौधरी रहेको संविधान संशोधन सुझाव कार्यदल गठन गरेको छ ।